**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

**२०७८/०७९ सालको निर्णय नं. २७३**

**पुनरावेदन मुद्दा नं. ०७७-RB- ०१०६**

**मुद्दाः- आयकर। (०७०/०७१)**

| | |
|---|---|
| हिमालयन पेट्रोकेमिकल्स प्राइभेट लिमिटेड (स्थायी नं.३०००१०९२५) बिजुलीबजार काठमाडौका तर्फबाट ऐ.का अख्तियार प्राप्त सुमन कुँवर...................................१ | पुनरावेदक/ प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय,हरिहरभवन ललितपुर हाल मध्यमस्तरीय करदाता कार्यालय बबरमहल, काठमाडौ...........................................................................१<br>आन्तरिक राजस्व विभाग,लाजिम्पाट काठमाडौ...............................................१ | प्रत्यर्थी /वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक धनिराम शर्मा

शुरु निर्णय मिति : २०७५।०३।२१

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग,लाजिम्पाट

निर्णय गर्ने अधिकारीः महानिर्देशक विनोद बहादुर कुँवर

निर्णय मितिः २०७६।०९।१७

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।१७ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ ।

## <u>मुद्दाको तथ्य</u>

१. हिमालयन पेट्रोकेमिकल्स प्रा.लि.बाट आर्थिक वर्ष २०७०।०७१ को आय विवरण आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार उद्योग तर्फ रु. ६९,०८,१८,८८१।३० करयोग्य नोक्सानी कायम गरी मिति २०७१।०९।३० मा पेश भएको आय विवरण ।

२. करदाताले पेश गरेको विवरण तथा कागजातको अध्ययन, छानविन तथा हिसाब किताब छानविन गरी प्रतिवेदन समेतका आधारमा करदाताले आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नगरेको /कट्टी गर्न नपाईने खर्च दाबी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रु. १२,४९,५९३।७३ (बाह्र लाख उनान्चास हजार पाँच सय त्रियानब्बे रुपैया त्रिहत्तर पैसा) मात्र संशोधित नोक्सानी कायम गर्नुपर्ने भएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदाताका नाममा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०२।२७ मा लिखित सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०२।२७ मा जारी भएको सूचना मिति २०७५।०३।०३ मा बुझिलिई सोको प्रतिक्रिया सहितको लिखित जवाफ करदाताले मिति २०७५।०३।१८ मा पेश गरेको।

४. करदाताको आ.व.०७०/०७१ का लागि रु.१२,४९,५९३।७३ करयोग्य आय (नोक्सानी) कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२१ मा गरेको निर्णय।

५. ठूला करदाता कार्यालय ललितपुरले मिति २०७५/०३/२१ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी हिमालयन पेट्रोकेमिकल्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०६/०४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले वास्तविक आधार, कारण र प्रमाण विना दावी गरेको व्याज खर्च, ह्रास खर्च, मर्मत खर्च, विविध खर्च, लोडिङ अनलोडिङ खर्च र नोक्सानी खर्च सम्बन्धमा आयकर ऐन (संशोधित सहित), २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नदिने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने भनि आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।१७ मा भएको निर्णय।

७. करदाताले व्याज खर्च सम्बन्धमा बैंकबाट कर्जा लिएको रकम कसैलाई लगानी गरेको नभई बैंकको कर्जा रकम वापत बैंकलाई तिरेको व्याज खर्च रकममध्ये आकर्षित हुन नसक्ने आयकर ऐन, २०५८ को दफा १४ प्रयोग गरि हचुवा तवरले रु.१०,६३,७०९।२८ लाई व्याज खर्च अमान्य गर्ने गरी, ह्रासकट्टी खर्च लेखांकन भएका खर्चलाई गत आ.व.०६९/०७० को संशोधित कर निर्धारण भएको ह्रासलाई आधार बनाई ह्रासकट्टी खर्च बढी दावी गरेको, मर्मत खर्च, विविध खर्च र डिष्ट्रिव्यूशन खर्च लगायतका खर्चहरु आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नहुने, गत वर्षबाट सरी आएको नोक्सानी रु.९५,०२,४५३।९६ लाई सोही ऐनको दफा २०(१) बमोजिम खर्च कट्टी नपाउने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय अन्यायपूर्ण हुँदा बदर गरि पाँउ भन्ने समेत वेहोराको जिकिर लिई करदाताका तर्फबाट मिति २०७७।०५।०५ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नू भनी मिति २०७७।१२।१३ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले आ.ब.२०७०/०७१ मा आयकर तर्फ करयोग्य नोक्सानी रु.९५,०२,४५३।९६ रकमलाई आयकर ऐन, २०५८ को दफा २०(१) अनुसार खर्च कट्टी नपाउने, व्याज खर्च, विविध लगायतका अन्य खर्चहरुलाई सोही ऐनको दफा १३ बमोजिम खर्च कट्टी नहुने गरि कानून विपरीत शुरु कर कार्यालय तथा विभागका महानिर्देशकबाट भएको निर्णय समेत न्यायसंगत नभएको हुंदा बदर गरि पाउँ भनि गर्नुभएको बहस समेत सुनियो ।

१०. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतमले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा पुनरावेदक करदाताले आ.व.२०७०/०७१ मा खर्च कट्टीको दावी गरेका व्याज खर्च रु.१०,६३,७०९।२८, ह्रास खर्च मध्येको रु.९६,६५१।-, मर्मत सुधार खर्च मध्ये रु.१८५०।९६, विविध खर्चको रु.१,२१,८६६।५३, डिष्ट्रिव्युशन खर्च रु.३,६६,४७२।४६ र नोक्सानी रु.९५,०२,४५३।९६ लाई अमान्य गर्ने गरी शुरु ठूला करदाता कार्यालयले गरेको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयमा चित्त नबुझाई यस न्यायाधिकरणमा पुनरावेदन दिएको देखिन आउँछ।

१३. सर्वप्रथम पुनरावेदक करदाताले लिएको व्याज खर्च वापतको रु.१०,६३,७०९।२८ खर्च कट्टी हुनु पर्ने भन्ने पुनरावेदन जिकीर तर्फ हेर्दा, यस आ.व.२०७०/०७१ मा व्याज खर्च वापत रु.१०,६३,७०९।२८ खर्च कट्टी हुनु पर्ने भनी दावी गरेको देखियो। आयकर ऐन, २०५८ को दफा १४ को उपदफा (१) बमोजिम " कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्व सो वर्षमा लागेका सबै व्याज कट्टी गर्नु पाउनेछ " भन्ने व्यवस्था रहेको देखिन्छ। करदाताले बैंकबाट लिएको ऋण संचालक र अन्य व्यक्तिहरुलाई पेश्की दिएको तथ्यलाई स्वीकारै गरेको पाइयो। करदाताले बैंकहरुबाट ऋण लिई व्यवसायमा प्रयोग नगरी संचालक एवं अन्य व्यक्तिहरुलाई पेश्की दिएको अंशमा प्रचलित व्याजदर १५ प्रतिशतले हुने रकम रु.१०,६३,७०९।२८ उठाई आयमा समावेश गर्नुपर्नेमा व्याज खर्च कट्टी माग गरेको हुनाले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम खर्च कट्टी गर्न नमिल्ने ठहऱ्याएको निर्णयलाई अन्यथा भन्न मिलेन।

१४. अब ह्रास खर्च दावी सम्बन्धी अर्को पुनरावेदन जिकीर हेर्दा, करदाताले आ.व.२०७०/०७१ मा आयकर ऐन, २०५८ को दफा १९ बमोजिम समूह 'क' मा रु.९,६०,७५१।१५ र समूह 'ख' मा रु.६,६१०।५८ गरी कुल रु.९,६७,३६१।७४ बढी दावी गरेको भनी प्रारम्भिक कर निर्धारण आदेशबाट देखिएकोमा जवाफमा करदाताले त्यसको चित्त बुझ्दो आधार र कारण पेश गर्न सकेको पाइदैन। ठूला करदाता कार्यालयले अघिल्लो आ.व.२०६९/०७० को संशोधित कर निर्धारण आदेशबाट कायम भएको ह्रास आधार रकममा यो आ.व.मा थप भएको सम्पत्ति समेत समावेश गरी कानुन बमोजिम ह्रास कट्टी खर्चको हिसाब गरेको देखियो। उक्त हिसाबबाट करदाताले रु.९,६७,३६१।७४ बढी दावी गरेको देखिए पछि उक्त बढी दावी गरेको रकमलाई अमान्य गरेको निर्णय आयकर ऐन, २०५८ को दफा १९ अनुरुप नै देखिन आयो।

१५. पुनरावेदक करदाताले यस आ.व. २०७०/०७१ को लागि मर्मत सुधार खर्चमा रु.१८५०।६६ बढी दावी गरेको भन्ने प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भएको

रहेछ।करदाताले दिएको जवाफमा आ.व.२०६९/०७० को आय विवरणमा दावी गरिएको ह्रास आधार रकम बमोजिम खर्च दावी गरेको भन्ने जिकीर लिएको देखिन्छ।ठूला करदाता कार्यालयले आ.व.२०६९/०७० को हकमा ह्रास आधार रु.१,२४,१८५।८३ कायम गरेको र सो निर्णय आज यसै इजलासबाट सदर कायम भइसकेको छ। यस स्थितिमा उक्त रकमको ७% ले हुने रु.८,६९३।०१ मात्र मर्मत सुधार खर्चमा कट्टी दावी गर्नुपर्नेमा करदाताले रु.१०,५४३।९७ दावी गरी रु.१८५०।९६ बढी दावी गरेकोले आयर ऐन, २०५८ को दफा १६ बमोजिम उक्त बढी दावी गरेको रकम रु.१८५०।९६ मात्र अमान्य गरेको निर्णयमा कुनै कानुनी त्रुटी रहेको देखिन आएन।

१६. पुनरावेदक करदाताको अर्को पुनरावेदन जिकीर डिष्ट्रिव्युशन खर्च रु.३,६६,४७२।४६ को खर्च कट्टी नगरेको विषयसंग सम्बन्धित छ। करदाताले यो खर्च ग्यास सिलिण्डर विक्री वितरणका क्रममा कुल्ली खर्च, लोड अनलोड खर्च र गाडी भाडा वापतको खर्च हो भनि दावी लिएको पाइन्छ।आयकर ऐन, २०५८ को दफा ८१ (१) को खण्ड (ग) ले खर्च पुष्टी गर्ने कागजातको अभिलेख करदाताले खडा गरी राख्नुपर्ने र हरेक खर्चको दावी सबुद प्रमाणबाट पुष्टी हुनुपर्नेमा करदाताले यो खर्चको प्रमाणद्वारा पुष्टी गर्न सकेको पाइदैन। प्रमाण विना खर्च कट्टी दावी गरेको उक्त डिष्ट्रिव्युशन खर्च रु.३,६६,४७२।४६ आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी दिन मिल्ने आधार देखिन आउदैन।त्यसैले यस सम्बन्धी शुरु कर कार्यालयको निर्णय एवं त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई समेत परिवर्तन गर्नुपर्ने देखिएन।

१७. अन्त्यमा पुनरावेदक करदाताले आ.व.२०७०/०७१ मा नोक्सानी कट्टीको दावी गरेको रकम रु.९५,०२,४५३।९६ अमान्य गरेको निर्णय नमिलेको भन्ने पुनरावेदन जिकीर तर्फ हेर्दा करदाताले गत आ.व.२०६९/०७० मा व्यवसायको नोक्सानी भनी आयकर ऐन, २०५८ को दफम २०(१) अनुसार रु.१,३९,११,१७१।६१ दावी गरेको देखियो।शुरु ठूला करदाता कार्यालयले संशोधित कर निर्धारण आदेश गर्दा उक्त नोक्सानी घटाइ रु.४४,०८,७१७।६५ मात्र कायम गरेको र उक्त निर्णय आज यसै इजलासबाट सदर समेत भइसकेको अवस्था छ।आर्थिक वर्ष २०६९/०७० सम्मको नोक्सानी रु.४४,०८,७१७।६५ मात्र यस आ.व.२०७०/०७१ मा सार्न पाउने देखिएकोमा करदाताले रु.१,३९,११,१७१।६१ नोक्सानी कट्टी दावी गरेकोले बढी दावी गरेको रकम रु.९५,०२,४५३।९६ ठूला करदाता कार्यालयले अमान्य गरेको देखिन आउँछ।शुरु ठूला करदाता कार्यालय आफैले आ.व.०६९/०७० सम्म कायम गरेको नोक्सानी रु.४४,०८,७१७।६५ भन्दा बढी दावी गरेको रकमलाई नोक्सानी कायम गरी मान्यता दिनु आफैमा विरोधाभाषपूर्ण र गैरकानुनी समेत हुने भएकोले करदाताले बढी दावी गरेको रु.९५,०२,४५३।९६ लाई आयकर ऐन, २०५८ को दफा २० (१) बमोजिम खर्च कट्टी नपाउने भनी भएको निर्णयलाई पुनरावेदनको रोहबाट अन्यथा भन्न मिल्ने देखिएन।

१८. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ३०००१०९२५ भएका पुनरावेदक करदाता हिमालयन पेट्रोकेमिकल्स प्रा.लि.को आ.व. ०७०/०७१ को

संशोधित करयोग्य आय नोक्सानी रु.१२,४९,५९३।७३ कायम हुने ठहऱ्याई शुरु ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७५।०३।२१ मा गरेको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७६।०९।१७ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसील खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. सरोकारवाला पक्ष फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः सनिता लामा

फैसला मितिः २०७९।०२।२६।५

फैसला प्रमाणिकरण मितिः

न्यायाधिकरणको छापः